नेपाल सरकार
**सङ्घीय मामीला तथा स्थानीय विकास मन्त्रालय**
**सिंहदरवार, काठमाण्डौं**

मिति : २०७२। ०४ | १९

पत्र संख्या :
च.नं : १८६

---

**विषय : छुवाछुत जस्तो घृणित कार्य भएको संवन्धमा ।**

श्री स्थानीय विकास अधिकारी
जिल्ला विकास समितिको कार्यालय, सिराहा ।

प्रस्तुत सम्वन्धमा मिति २०७२। ०४।१७ मा सेतोपाटी अनलाइन पत्रिकामा प्रकाशित " ***डोमलाई इनार छुन नदिन जव पुरै गांउ उल्टियो*** " शिर्षकको सिराहा जिल्ला धनगढी गाविस वडा नं ३ नयनपुरमा घटित समाचारप्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ। नेपालको प्रचलित कानुन अनुसार छुवाछुत र जातीय भेदभाव कानुनतः दण्डनीय भएता पनि यस्ता भेदभावयुक्त घटनाहरु समाजमा विद्यमान हुनु अत्यन्त दु:खद कुरा हो ।

सामाजिक परिचालनका माध्यमद्धारा नागरिकका कर्तव्य र अधिकार वारे सचेत गराउने, कानुनले निषिद्ध गरेका कुनै पनि गतिविधि गर्न नहुने, स्थानीय स्तरका विकास व्यवस्थापन तथा निर्णय प्रकृयामा सवै नागरिकहरुको सहभागिता सुनिश्चत गर्ने, सेवा प्रवाह प्रकृयालाई चुस्त र दुरुस्त वनाई सुशासनको प्रत्यानुभूति गर्न सहयोग पुर्याउने उदेश्यले विगत ५ वर्षदेखि यस मन्त्रालयद्धारा राष्ट्रव्यापी रुपमा सामाजिक परिचालनको अभियान सञ्चालन गरिदै आएको अवस्थामा, गाविस, वडा स्तरमा गठित वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सामाजिक परिचालक, स्थानीय सेवा प्रदायक संस्थाहरुले यस्ता घटनाहरु हुन नदिन किन सशक्त भूमिका निर्वाह गर्न सकेनन् ? जिल्ला विकास समितिको कार्यालयको यस तर्फ ध्यानाकर्षण भयो, भएन ? भएको भए यस्ता भेदभावयुक्त घटनाहरु हुन नदिन के गरियो ? यस सम्वन्धमा तत्काल घटना स्थलको स्थलगत अनुगमन गरी सम्वन्धित स्थानीय प्रशासन, स्थानीय राजनीतिक दलहरु, गाविस, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, स्थानीय सेवा प्रदायक संस्था, सामाजिक परिचालक र स्थानीय स्तरमा क्रियाशील सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई भेला गरी घटनाका जिम्मेवार व्यक्तिहरुलाई कमि कमजोरी भएकोमा सामुहिक रुपमा आत्मआलोचना गर्न लगाई प्रचलित कानुन वमोजिम कारवाही गर्न गराउनका साथै सो को जानकारी मन्त्रालयलाई गराई आगामी दिनमा जिल्लामा यस्ता कानुन विपरीत घटनाहरु पुनरावृत्त हुन नदिनका लागि निरन्तर क्रियाशील रहन अनुरोध गर्दछु ।

.......................
रेश्मीराज पाण्डे
सह - सचिव

वोधार्थ तथा कार्याथ : श्री प्रमुख जिल्ला अधिकारीज्यु, जिल्ला प्रशासन कार्यालय, सिराहा ।
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रीय समन्वय इकाई, विराटनगर ।